# सपनाका क्लिपिङ्स

✍ मनोज वोगटी , कालेबुङ - भारत



**मनोज वोगटी**
जन्म – १ जून १९७६ दलगाउँ , (कालेबुङ , भारत)
साहित्यमा प्रवेश १९९६
सम्पादन – देउराली , प्रोत्साहन , (साहित्यिक पत्रिका)
हाम्रो आागन -मासिक समाचार पत्र)
कृति : विम्वगोष्ठी -कविता संग्रह – २००८)
समपृति : सम्वाददाता हिमालय दर्पण दैनिक समाचार पत्रिका
**Emai-bogati_hd08yahoo.com**

- बन्ध्याकरण गरेर फर्किएको छ
  आँखा ।

- दा – भिञ्चीको रङ माग्दै
  त्यो गहिरो सौन्दर्यपीडा
  टल्किएको छ
  कञ्चनजङ्घाको निधारमा ।

- फूलमायाको आँखाबाट
  निस्किरहेको जाज्वल्यमान
  अर्थको तातो रापले
  चुम्किएको छ हरेक प्लास्टिकको पुरुष
  प्लास्टिकका पुरुषहरुका चौडादार छाती ।
  –एउटा देश नै छ प्लास्टिकका पुरुषहरुको ।

- मेनालिशाको (गाउँले मुनाको) बान्की परेको त्यो अनुहारको
  उदास आँखाहरुले
  सम्भ्काइराखेको छ
  (बल्भ्काइराखेको छ)
  तिर्नु नसकेको ग्रामीण व्याङ्कको ऋण

ऋण हो कि अग्लो सिमेन्टी त्यो घरको
सुग्घर ओछ्यानभरि छन्
द्रोणाचार्य छातीहरुका यन्त्रणा जस्तो निद्रा
***अब त***
***औंला काटिमाग्नेहरु पनि छैनन्***
***कसरी दिने है उत्तराधुनिक संस्कार***
***अर्जुनेहरुलाई***
***हँ , सहदेजको आप्पा ?***

–त्यो घरभित्र थुनिएका होलान् यतिखेर
यी ऋचाहरु ।

●

घाँटीमा टाई बाँधेका शहर
मफ्लर बाँधेका गाउँको सोभ्को अनुहार देखेर
संशोधनमा लागेका छन्
आफ्नो पुरानो विजिनेश पोलिसि ।
(घाँटीमा टाई बाँधेका शहरहरु । तर
छक्क पर्दै होलान्
मफ्लर बाँधेका गाउँलेहरुले
बाँभ्को फुटाइरहेको लैबरी सुनेर )

●

गाउँलेहरुलाई कम्युनिटी हलमा निमत्याएर
ग्लोबोलाइजेशनको सचेतना दिने योजनामा
शहरहरुले बसेको अनिंदो आँखा
मकबुल फिदा हुसैनको क्यान्भस जस्तो
फैलिएको छ ।

अलिकति इफेक्ट दिनुसके
मीठो हुनेथ्यो कविताको क्लिपिङ
तर संस्कार सङ्क्रमणको हर्मोनले छोएको
चरम यौनावस्थाले रोमाञ्चित
अदुवा पाने खुट्टामा
विज्ञापनबाट पाएको पेन्सिलहील वर्तमान
सुहाउँदैन जयमायालाई
तरै पनि
संस्कार सङ्क्रमणको
अदुवा पाने खुट्टामा पेन्सिलहील लाएर

इन्द्रबहादुर राईको घरबाट नै कलसेन्टर धाउँदैछन्
जयमायाहरु ।

– कोल्डड्रिङ्क पिएर शान्त नभएको गरम
भटकिँदै गइरहेछ
हिमालको फेदफेद ।

●

एक पाउच वीर्य किनेर फर्किएकी
पिनासीको आँखामा
बालकृष्णको उपद्रो छिरेको छ ।

– कङ्शको डर लागेको छैन ।
(कङ्श समय छ तर ,
अघिल्तिर । )

●

.....अनि म पनि भनिरहेकोछु
कहिल्यै नबुझ्नू कविता ।

– यी अक्षरहरु , यी शब्दहरु
अर्थहरुको नेटवर्क जोड्ने टावरहरु होइनन् ।

– तिम्रो संवेदनको साँघुरो चोरबाटो भएर
कतै जानु छ मलाई ।
जम्काभेट हुँदा
कता – कता चिनेको
कता – कता भेटेको हुनु छ मलाई
त्यति हो , बस् ।

■ बन्ध्याकरण गरेर फर्किएको आँखाले
– इः यसरी देख्छ सपना ।